
८.१.१ – १ नं

# बाह्रविसे नगरपालिका नगरकार्यपालिकाको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति



२०७९


बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

# बाह्रबिसे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## सिन्धुपाल्चोक

विषय सूची


१. पृष्ठभूमि ........ ३
    १.१. नगरपालिकाको संक्षिप्त परिचय ........ ४
२. अवस्था विश्लेषण ........ ५
    २.१. SWOT विश्लेषण ........ ५
    २.२. सरोकारवाला पहिचान ........ ८
    २.३. लक्षित वर्ग पहिचान ........ ८
३. दीर्घकालीन सोच (Vission) ........ ९
४. ध्येय (Mission) ........ ९
५. लक्ष (Goal) ........ ९
६. उद्देश्य (Objective) ........ ९
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ........ ९
८. लैससास रणनीति (GESI Strategy) ........ १०
    ८.१. मूलप्रवाहिकरण ........ ११
    ८.२. समावेशीकरण ........ ११
    ८.३. स्थानीयकरण ........ ११
    ८.४. सशक्तिकरण ........ ११
    ८.५. सचेतीकरण ........ १२
    ८.६. संस्थागत संरचना ........ १२
    ८.७. समन्वय ........ १२
    ८.८. सहकार्य ........ १२
    ८.९. सहजीकरण ........ १३
    ८.१०. सामाजिक सुरक्षा ........ १३
    ८.११. अनुगमन तथा मूल्याङ्कन ........ १३
९. रणनैतिक कृयाकलापहरु : ........ १४-२५
१०. वित्त व्यवस्थापन ........ २६
११. कानूनी व्यवस्थापन ........ २६
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ २६
१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ........ २६
१४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु ........ २७
    १४.१. सम्भाव्य जोखीमहरु ........ २७
    १४.२. जोखीम न्यूनीकरणका उपायहरु ........ २७
१५. निष्कर्ष ........ २८


बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**बाह्रबिसे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

विषय सूची


१. पृष्ठभूमि ....................................................................३
    १.१. नगरपालिकाको संक्षिप्त परिचय ....................................४
२. अवस्था विश्लेषण ..............................................................५
    २.१. SWOT विश्लेषण ........................................................५
    २.२. सरोकारवाला पहिचान ....................................................८
    २.३. लक्षित वर्ग पहिचान ......................................................८
३. दीर्घकालीन सोच (Vission) .....................................................९
४. ध्येय (Mission) ................................................................९
५. लक्ष (Goal) .....................................................................९
६. उद्देश्य (Objective) ............................................................९
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ....................९
८. लैससास रणनीति (GESI Strategy) ..............................................१०
    ८.१. मूलप्रवाहिकरण..........................................................११
    ८.२. समावेशीकरण ............................................................११
    ८.३. स्थानीयकरण ..............................................................११
    ८.४. सशक्तिकरण ..............................................................११
    ८.५. सचेतीकरण ................................................................१२
    ८.६. संस्थागत संरचना ........................................................१२
    ८.७. समन्वय ....................................................................१२
    ८.८. सहकार्य ...................................................................१२
    ८.९. सहजीकरण ................................................................१३
    ८.१०. सामाजिक सुरक्षा .........................................................१३
    ८.११. अनुगमन तथा मूल्याङ्कन ..................................................१३
९. रणनैतिक कृयाकलापहरु : ...........................................................१४-२५
१०. वित्त व्यवस्थापन ...................................................................२६
११. कानूनी व्यवस्थापन .................................................................२६
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ....................................२६
१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ...................................२६
१४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु .........................................२७
    १४.१. सम्भाव्य जोखीमहरु ......................................................२७
    १४.२. जोखीम न्यूनीकरणका उपायहरु ............................................२७
१५. निष्कर्ष ...............................................................................२८


बाह्रबिसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाह्रबिसे सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

**बाह्रविसे नगरपालिका नगरकार्यपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति**

१. **पृष्ठभूमि :**

हाम्रो संविधानको प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको कह अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ म ज्येष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमूना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता, स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानूनहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रस्तावनामा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउन्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुनेगरी सूशासन, वातावरमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ ।

उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पीछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउँदा महिला, बालबालिका तथा पीछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिँदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउँन, संवैधानिक एवं कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न बाह्रविसे नगरपालिकाबाट यो **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति** तयार गरिएको छ ।

बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## बाह्रविसे नगरपालिकाको संक्षिप्त परिचय

बाह्रबिसे नगरपालिका सिन्धुपल्चोक जिल्लाको १२ स्थानिय तह मध्येको एक महत्वपूर्ण नगरपालिका हो । पूर्वमा दोलखा जिल्ला, पश्चिममा सिन्धुपाल्चोककै जुगल गाउँपालीका संग सीमा जोडिएको यस नगरपालिकाको उत्तरमा भोटेकोशी गाउँपालिका र दक्षिणमा त्रिप"रासुन्दरी तथा बलेफी गाउँपालिका पर्दछन् । नेपाल चिन स्थलगत मार्ग जोडिने अरनिको राजमार्ग र फेदिमा रहेको भोटेकोशी नदी यसको प्राकृतिक पहिचान हो ।

समुन्द्र सतह' देखी ५०० देखि ४००० मिटर सम्मको उचाई सम्मको भू-बनोट रहेको यस नगरपालिकाको क्षेत्रफल १३४.८ वर्ग कि.मि रहेको छ । घरधुरी तथ्याङ्क सर्वेक्षण २०७५ अनुसार नगरपालिकामा पुरुष १३२५७, महिला १२८५७ गरी कूल जनसंख्या २६,११४ रहेको छ । यस नगरपालिकामा विभिन्न धर्म मान्ने जातजातिहरूको बसोबास छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ९,७०३ अर्थात ३७.२ प्रतिशत तामाङ्ग, दोस्रोमा ६,९४९ अर्थात २६.६ प्रतिशत क्षेत्री, तेस्रोमा नेवार १२ प्रतिशत, चौथो र पाँचौमा क्रमश शेर्पा ६.७ प्रतिशत र पहाडी ब्राह्मण ४.२ प्रतिशत रहेका छन् । त्यसैगरी मगर, थामी, गुरुङ्ग, कामी, दमाई/ढोली र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । यो पालिका भौगोलिक दृष्टिकोणबाट विविधतापूर्ण भएकोले विकटता पनि यहीभित्र रहेका कारणले योजनावद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ : दशैं, तिहार, ल्होछार, रामनवमी, होली, शिवरात्री, कृष्णजन्माष्टमी, रक्षा बन्धन, छठपर्व, विवाह पञ्चमी आदि लगायतका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

### २. **अवस्था विश्लेषण** :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पहिलोचरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मूख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१. **SWOT विश्लेषण** :

बाह्रबिसे नगरपालिकाको लैससासको दृष्टिकोणबाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती क्ष्इत विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### क. **बलियो पक्ष (Strength)** :

यही विश्लेषका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार भएको ।

१. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससासलाई केहीहदसम्म सम्बोधन गरेको ।
२. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वयन भएको ।
३. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।
४. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३ प्रतिशत सुनिश्चित भएको ।
५. कार्यरत कर्मचारी मध्ये ३३ प्रतिशत महिला कर्मचारी भएको ।
६. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा स्थापना र सञ्चालन भएको ।

नगर कार्यपालिकाको कार्यालय बाह्रबिसे, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

७. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

८. लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि कार्यान्वयन गरेको ।

९. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

१०. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको

११. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

१२. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको । गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन भएको ।

१३. खुल्ला दिसा मुक्त पालिका घोषणा भएको ।

१४. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।

१५. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सहकार्य समन्वय गरेको

१६. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा बाँधिएको ।

१७. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको

१८. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समाबेश रुपमा समावेश भएको ।

१९. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन भएको

२०. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।

२१. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता गरिएको ।

२२. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको

२३. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।

२४. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकासको श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।

२५. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

२६. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह, कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

२७. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको ।

**ख. कमजोर पक्ष**

१. नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको ।

२. महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

३. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको

नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

४. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

५. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको

६. कुनै नीति नियम कार्यविधि  दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससास को  दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण  नगरेको ।

७. निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको ।

८. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको

९. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको

१०. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

११. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।

१२. मानव संसाधन विकास शाखाको स्थपना नभएको ।

१३. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।

१४. स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।

१५. महिला हक र अधिकार सम्वन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।

१६. लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।

१७. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१८. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्ष नभएको ।

१९. गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।

२०. भौतिक पूर्वाधारका ड्इङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

२१. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा  शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

२२. लैससास सम्वन्धी सरोकारवाला निकाय बीच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२३. योजना तथा कार्यक्रमको  अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।

२४. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

ग. **अवसर**

१. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागू गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

८. मोवाइलको दुरुपयोग र बालबालिकाले सानै उमेरमानै व्यापक प्रयोगले बालविवाह अवैध तथा सानो उमेरमा वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता चुनौती वढ्दै गाएको ।

९. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

१०. कृषिप्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न असज भएको किनकि युवा सबै विदेश पलायनतिर उन्मुख हुनु ।

११. सामाजिक सञ्जाल मार्फत हुनेगरेका र हुनसक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

१२. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

१३. कानुनी ज्ञान,आवश्यक नीति नियम आदिको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुपमा कार्यान्वयन गर्न ।

## २.२. सरोकारवाला पहिचान :

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने । दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएको छ ।

| (पहिलो नं का सरोकारवालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु |
|---|---|---|
| महिलाबालबालिका तथा ज्येष्ठ | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको |
| नगारिक शाखा | सहकारी संस्थाहरु | कार्यालय बागमती प्रदेश |
| योजना शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | उद्योगहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | वालक्लवहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | आमा समूहहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | ज्येष्ठ नगारिक मिलन केन्द्रहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | विद्यालयहरु | महिला आयोग |
| प्रशासन शाखा | गैह्रसरकारी संस्थाहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | स्वयम सेवक समूहहरु | मुस्लीम आयोग |
| गाउँ / नगर कार्यपालिका | उद्योग वाणिज्य संघ | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| न्यायिक समिति | संचार माद्यमहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## २.३. लक्षित वर्ग पहिचान :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला एकल महिला

२. बालबालिका

बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

३. विपन्न वर्ग

४. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

५. ज्येष्ठ नागारिक

६. आदिवासी जनजाती

७. मुस्लीम

८. सुकुम्वासी

९. सडक वालवालिका, महिलाहरु

१०. अल्पसंख्यक/ लोपोन्मुखकमैया

११. किसान

१२. मधेसी

१३. अपाङ्गता भएका व्यक्ति

१४. मजदुर

१५. द्वन्द्वपिडित

१६. पिछडिएको क्षेत्र र समुदाय

## ३. दीर्घकालिन सोच (Vision)

"लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने"

## ४. ध्येय (Mission)

लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने र सार्वजानिक जीवनमा जात, वर्ग र क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई मुलप्रवाहमा ल्याउने ।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छन:

लाहविसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संम्झौताहरु कार्यान्वयन गरी मूलप्रवाहिकरण गर्ने ।

४. नीति कानूनमानै महिला तथा लक्षित वर्गको समावेशीता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्वन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

**७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)**

माथि उल्लेखित उदेश्यहरु परिपुर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

- वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्वन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
- हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
- महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संम्झौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।
- पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिल,ा बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, ज्येष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
- लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यविधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।
- लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
- बालबालिका तथा अपाङ्ग एवम ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
- मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।
- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।
- शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८.१ मूल प्रवाहिकरण

- महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, वजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल, समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि, कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरि आवश्यक प्रतिफल हाँसिल गर्ने ।

८.४ सशक्तिकरण

- लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।
- स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।
- कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

८.५ सचेतीकरण

- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।
- समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

८.६ संस्थागत संरचना

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

८.७ समन्वय

- विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व परिचालन, अनुगमन र मूल्याङ्कन लाई लैससासमैत्री वनाउदै लैजाने ।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससासमैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

८.८ सहकार्य

नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे नगरपालिका
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखा हरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) वीच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

- वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

- नागरिक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।
- सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल
२०७३